कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र-संख्याः          च.सं.:          मिति :

# विज्ञप्ती

सम्वत् २०७९ मा सम्पन्न कर्णाली प्रदेश सभाको निर्वाचन पश्चात गठित कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्‌को पहिलो बैठक आज मिति २०७९ साल माघ ४ गते दिनको ४ बजे बसी कर्णाली प्रदेशमा सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रको सहकार्यमा वार्षिक दस हजार रोजगारी सिर्जना गर्ने लक्ष्यका लागि ठोस कार्ययोजना सहितको मार्गचित्र निर्माण गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवज्यूको संयोजकत्वमा "समृद्ध कर्णालीका लागि रोजगारी मार्फत स्वरोजगारीको मार्गचित्र तथा कार्ययोजना निर्माण कार्यदल" गठन गर्ने निर्णय भयो। कार्यदललाई ३० कार्यदिन भित्र कर्णाली प्रदेशमा रोजगारीसँग सम्बन्धित सार्वजनिक, निजी, तथा सामुदायिक कार्यक्रमको नक्साङ्कन गर्ने, कर्णाली प्रदेशमा रोजगारी सृजनाका लागि तुलनात्मक लाभका क्षेत्रको पहिचान गर्ने, रोजगारीको लागि आधारभूत तथ्याङ्क सहितको बेसलाइन सूचना सङ्कलनको लागि प्रश्नावली तयार गरी यसको सङ्कलन विधिको खाका तयार गर्ने र कर्णाली प्रदेशमा रोजगारी सिर्जनाका लागि एक विस्तृत कार्ययोजना सहित यस सम्बन्धी मार्गचित्र तयार गर्ने जिम्मेवारी दिइएको छ। कार्यदलको सचिवालयको कार्य कर्णाली प्रदेश योजना आयोगले गर्ने छ। साथै, कार्यदलले तयार गर्ने समृद्ध कर्णालीका लागि रोजगारी मार्फत स्वरोजगारीको मार्गचित्र तथा कार्ययोजनामा रोजगारीसँग सम्बन्धित मौजुदा सङ्घ, प्रदेश र स्थानीय तहका र दातृ निकायका कार्यक्रमको सूची र अवस्थाको विश्लेषण, कर्णाली प्रदेशमा रोजगारी सिर्जना गर्न सकिने सम्भावित तुलनात्मक लाभका क्षेत्रहरू, कर्णाली प्रदेशमा निजी लगानीको अवस्था र निजी लगानी आकर्षण गर्न सकिने क्षेत्रहरू, रोजगारीको खाका सहितको कार्ययोजना, कार्ययोजनाको लागि स्रोतको प्रक्षेपण र लगानीकर्ताहरू, आधारभूत तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली, आधारभूत तथ्याङ्क सङ्कलनको वेबपोर्टल खाका निर्माण र यसको व्यवस्थापनका पक्षहरु, रोजगारी सिर्जनाका लागि विषयगत क्षेत्रको कार्य जिम्मेवारी बाँडफाँडको खाका, रोजगारी सिर्जनामा प्रविधि प्रयोगको खाका र कार्यदलले उचित ठहर्‍याएका अन्य विषयहरू समावेश गर्नुपर्ने निर्णय भएको छ।

मितिः २०७९/१०/०४

(प्रेमप्रसाद आचार्य)
प्रदेश सचिव

वीरेन्द्रनगर-७ ईत्राम, सुर्खेत ।
टेलिफोन : ०८३-५२२५००, ५२२५५५, ५२५६१९, ५२४८३२, ५२२५३३, ५२११२५, ५२१०८५
इमेलः ocmcmkarnali@gmail.com
वेबः http://www.ocmcm.karnali.gov.np